अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७७।०६।२१ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय बुटवल रूपन्देहीका कार्यालय प्रमुख सन्तोष साहले स्रोत नखुलेको रकम अन्दाजी रु.८/१० लाख रुपैयाँ साथमा लिई लु १ ज ९५ नम्बरको गाडीमा बुटवलबाट काठमाडौंतर्फ आउने हुँदा निजलाई पक्राउ गरी कानुनबमोजिम कारबाही गरी पाउँ भन्ने गोप्य सूचना अनुसार निज बुटवलबाट काठमाडौं तर्फ आउँदै गर्दा जिल्ला धादिङ्ग धुनिवेशी नगरपालिका वडा नं ८ खानीखोलामा फेला पारी निजको खानतलासी गर्दा स्रोत नखुलेको जम्मा नगद रु.२,३३,५००/-, विभिन्न रकम जम्मा गरेको भौचरहरु, हिसाब किताबको अभिलेख रहेको सेतो कागजको टुक्रा (चिट), चेकबुक, भीजा कार्ड, डायरी तथा मोबाइल सहित अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालबाट खटिई गएको टोलीले निज इन्जिनियर सन्तोष साहलाई पक्राउ गरी नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा रूपन्देही जिल्ला बुटवल उप-महानगरपालिकास्थित मिलनचोक देखी जोगीकुटी सम्म र देबीनगर क्षेत्रभित्र पाइप लाइन बिस्तारको ठेक्का अनिता निर्माण सेवालाई दिलाइ दिएबापत नेपाल खानेपानी संस्थान शाखा कार्यालय बुटवलमा कार्यरत इन्जिनियर सन्तोष साहले सेवाग्राही अनिता निर्माण सेवाको सञ्चालिका शान्ति रानाबाट रकम माग गरेकोमा शान्ति रानाले अनिता निर्माण सेवाको खाताबाट रु.८,२२,०००/- रकम सन्तोष साहको बाबु राम नारायण साहु सुडीको कृषि विकास बैकको खातामा कमिसनबापत जम्मा गरेको र सो रकम निकाली लिए खाएको पुष्टि हुन आएकोले निज राष्ट्रसेवक कर्मचारी इन्जिनियर सन्तोष साहले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ६ बमोजिमसमेतको भ्रष्टाचारजन्य कसुर भएको निर्विवाद रूपमा पुष्टि हुन आएकोले निज आरोपित इन्जिनियर **सन्तोष साह**लाई बिगो रु.८,२२,०००/- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम जरिबाना र कैद सजाय हुन साथै घुस/रिसवत/कमिसनबापतको रकम रु.८,२२,०००/- (आठ लाख बाइस हजार) सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम निज आरोपित सन्तोष साहबाट जफत हुन समेत मागदाबी लिइएको छ ।

साथै आरोपितमध्ये अनिता निर्माण सेवाकी सञ्चालक **शान्ती रानाले** उक्त काम दिलाई दिएबापत घुस/रिसवत/कमिसन स्वरूप रु.८,२२,०००/- (आठ लाख बाइस हजार) सन्तोष साहको बाबु राम नारायण साहु सुडीको खातामा जम्मा गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर गरेको सप्रमाण पुष्टि हुन आएकोले निज शान्ति रानालाई घुस/रिसवत/कमिसनबापतको बिगो रु.८,२२,०००/- (आठ लाख बाइस हजार) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (३) मा उल्लेख भएबमोजिम दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय हुन मागदाबी लिइएको छ ।

त्यसै गरी आरोपित सन्तोष साहको बाबु **राम नारायण साहु सुडीले** आफ्नो छोरा सन्तोष साहले अनियमित तरिकाले प्राप्त गरेको रकम रु.८,२२,०००/- आफ्नो कृषि विकास बैकको खातामा जम्मा गरेको सो रकम तत्काल झिकी खाइ मासी आफूसमेतलाई फाइदा हुने कार्य गरेको र पटक-पटक सम्पर्क राख्न बोलाउँदा आयोग समक्ष उपस्थित नभई फरार रहेको समेत देखिँदा निज राम नारायण साहु सुडीले गरेको सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरको मतियारको कसुर भएकोले निज राम नारायण साहु सुडीलाई बिगो रु. ८,२२,०००/- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक बाक्याम्समा उल्लेख भए बमोजिम मुख्य कसुरद्वारा सन्तोष साहलाई हुने सरह भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
तारानाथ अधिकारी